का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक ३३३
❐ १२ माघ २०७८, बुधबार
❐ 26 January 2022, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



# एक्लिदो एमाले

पाँच वर्ष स्थीर सरकारको नेतृत्व गर्ने अवसर पाएर पनि विपक्षी भूमिकामा पुगेको नेकपा एमाले राष्ट्रिय राजनीतिमा एक्लिदै गएको छ । सात प्रदेश र संघमा बहुमत गुमाएको एमालेले राष्ट्रियसभामा थप आठ सिट गुमाउने संभावना बलियो छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

आगामी २० फागुनमा चार वर्षे कार्यकाल सकिने १९ राष्ट्रियसभा सदस्यका निम्ति आज मतदान हुँदैछ । सात प्रदेशबाट १९ पदका निम्ति हुने चुनावमा विपक्षी एमाले भर्सेस सत्ता गठबन्धनबीच प्रतिश्पर्धा हुनेछ । खुला, महिला, दलित र अन्य कोटागरी सात प्रदेशमा हुने चुनावमा एमालेबाट १९ जनाको उम्मेद्वारी परेको छ ।

तर सत्ता गठबन्धनले भने साझा उम्मेद्वारी दिएको छ। नेपाली काँग्रेसबाट ६, नेकपा माओवादी केन्द्रबाट ५, नेकपा एकीकृत समाजवादीबाट ५, जनता समाजवादी पार्टी (जसपा) बाट २ र राष्ट्रिय जनमोर्चाबाट १ जनाको उम्मेद्वारी परेको छ । सत्ता गठबन्धन, एमाले बाहेक प्रदेश-१ मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), मधेश प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र बागमती प्रदेशमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को समेत उम्मेद्वारी परेको छ ।

राप्रपा, लोसपा र नेमकिपाको उम्मेद्वारी भने आफ्नो मत जोगाउन मात्रै परेको प्रष्ट छ । यी तीन दलका उम्मेद्वारले चुनाव जित्ने संभावना छैन । तर प्रमुख प्रतिश्पर्धा भने सत्ता गठबन्धन र एमालेबीच हुनेछ । अझ प्रदेश-१ बाहेक बाँकी ६ प्रदेशमा सत्ता गठबन्धनको जित सुनिश्चित देखिन्छ । प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारी निर्वाचक मण्डल रहेको राष्ट्रियसभा चुनावमा अनुपस्थित हुने, मत क्रस हुने र बदर हुने संभावना न्यून हुन्छ । अतः जित लगभग निश्चितजस्तो छ । तर प्रदेश-१ मा भने एमालेको उम्मेद्वारले चुनाव जित्ने झिनो संभावना छ । राप्रपाले आफ्नै उम्मेद्वारलाई मतदान गरे र सत्ता गठबन्धनको मत तान्न नसकेको अवस्थामा एमाले यो प्रदेशमा पनि जित्ने छैनन् । तर राप्रपाले आफ्नै उम्मेद्वारलाई मत दिएको र साना दलले सत्ता गठबन्धनलाई मत दिएको अवस्थामा सातै प्रदेशमा एमाले उम्मेद्वार पराजित हुनेछ ।

यदि त्यस्तो अवस्था आइलागेमा एमालेले राष्ट्रियसभा निर्वाचनमा ८ सिट गुमाउनेछ । चार वर्षे कार्यकाल तानेका मध्ये एमालेका ८, एकीकृत समाजवादीका ४, माओवादीका ४ र काँग्रेसका ३ सांसदको कार्यकाल सकिँदैछ । तर गठबन्धनले भने सांसद संख्या बढाउनेछ । १९ पदमै गठबन्धनले जितेको अवस्थामा काँग्रेसको ३ सिट बढ्नेछ। माओवादी र एकीकृत समाजवादको एक/एक सांसद बढ्नेछ । जसपाले दुई सांसद बढाउनेछ भने जनमोर्चाको राष्ट्रियसभामा पहिलो सहभागिता हुनेछ ।

तर एमालेले भने लगातार क्षति बेहोर्नुपर्नेछ। यसअघि वैशाखमा सम्पन्न दुई राष्ट्रियसभा सदस्य पदको चुनावमा काँग्रेसले एक र एकीकृत समाजवादीले एक सिट जितेको थियो । गएको वर्ष प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरेपछि एमालेबाट २३ प्रतिनिधिसभा सदस्य, आठ राष्ट्रियसभा सदस्य, ५३ प्रदेशसभा सदस्य र १४ सय बढी स्थानीय तहका जनप्रतिनिधि गुमाइसकेको छ। संघसहित सातै प्रदेशमा एमाले विपक्षी दल बनेको छ ।

## सतर्कतासहित मतदान




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ माघ

राष्ट्रियसभामा रिक्त हुने १९ सिटका लागि आज बिहान ९ बजेदेखि ३ बजेसम्म चुनाव हुँदैछ । निर्वाचनमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी गरी ९ दलका ४३ जना उम्मेदवार छन् । कोरोनाको महामारी फैलिरहेकाले जोखिमलाई ध्यान दिएर आयोगले चुनावको तयारी गरेको प्रवक्ता शालिग्राम पौडल बताउँछन् ।

> आगामी २० फागुनमा रिक्त हुने राष्ट्रियसभाको १९ पदका निम्ति आज मतदान हुँदैछ । मतदानमा ४३ उम्मेद्वारबीच प्रतिश्पर्धा हुनेछ ।

"नेपाल सरकारले तोकेका मापदण्ड तयार गरेर २१ बुँदे नियम बनाई हामीले चुनावको तयारी पूरा गरेका छौं," प्रवक्ता शर्मा भन्छन् ।

– बाँकी पृष्ठ २ मा

# दवाब बढाउँदै आयोग

आगामी जेठ पहिलो सातापछि स्थानीय तह जनप्रतिनिधिविहीन बन्ने भएकाले तत्काल चुनाव घोषणा गर्न निर्वाचन आयोगले सरकारलाई दबाव बढाएको छ । प्रधानमन्त्रीसँग भेटवार्ता र सर्वदलीय बैठक राखिसकेको आयोगले सार्वजनिक बक्तव्य जारी गरेर स्थानीय चुनावको मिति तत्काल घोषणा गर्न सरकारलाई दबाव दिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ माघ ।



निर्वाचन आयोगले सरकारलाई स्थानीय चुनाव गराउन दबाव बढाएको छ । मंगलबार बक्तव्य जारी गरेर आयोगले सरकारलाई वैशाखभित्र स्थानीय तहको चुनावको मिति तोक्न आग्रह गरेको छ । सार्वजनिक बक्तव्य जारी गरेर आयोगले मिति तोक्न आग्रह गर्नुलाई दलहरुले भने दबावका रुपमा लिएका छन् ।

आयोगले बक्तव्य जारी गरेर भनेको छ, "वर्तमान संवैधानिक एवम् कानूनी व्यवस्थाको आधारमा स्थानीय तहको निर्वाचनको मिति तोक्ने काम जति बिलम्ब हुँदै जान्छ, त्यति नै निर्वाचन व्यवस्थापनको कार्य व्यवहारिक एवम् प्राविधिक कारणले जटिल बन्दै जान्छ भन्ने तथ्यलाई दृष्टिगत गरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम आयोगको परामर्शमा आगामी स्थानीय तहको निर्वाचनको मिति यथाशीघ्र तोक्न नेपाल सरकार समक्ष निर्वाचन आयोग आग्रह गर्दछ", बक्तव्यमा भनेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, सरकारले स्थानीय चुनाव गराउने तत्परता नदेखाएकाले बक्तव्य जारी गर्नुपरेको बताउँछन् ।

सरकारले चुनाव घोषणा गरेपछि आवश्यक तयारी गर्न १२० दिन लाग्ने भएकाले तत्काल निर्णय लिन आयोगले आग्रह गरेको छ । भाषा आग्रह भनेपनि आयोगको यो दबाव नै भएको नेताहरु बताउँछन् । "चुनावको निर्णय सरकारले गर्ने हो । तर यहाँ त निर्वाचन आयोगले आदेशको भाषा बोलेर सीमा नाघेको छ", नेकपा माओवादी केन्द्रका एक नेता भन्छन् ।

आयोगले गएको ३० पुसमा मात्रै सर्वदलीय बैठक बोलाएको छ । स्थानीय तहको निर्वाचनको प्रयोजनका निम्ति आयोगले १६ दललाई पत्र पठाएर सर्वदलीय बैठक राखेको थियो । त्यसअघि पनि प्रमुख आयुक्त थपलिया सहित पदाधिकारीले प्रधानमन्त्री शेरबहादुर देउवासँग चुनावबारे सम्वाद गरेको थियो ।

गएको कात्तिक पहिलो साता नै प्रधानमन्त्री देउवालाई स्थानीय चुनावबारे तयारी थाल्न आयोगले ध्यानाकर्षण गराएको थियो । "..शेरबहादुर देउवालाईज्यूलाई पहिलो पटक मिति २०७८ कात्तिक ८ गते भेटी स्थानीय तहको निर्वाचनका सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्था बारेमा जानकारी गराइएको...", आयोगको बक्तव्यमा उल्लेख छ ।

त्यसपछि पनि आयोगले प्रधानमन्त्री देउवालाई स्थानीय तहको निर्वाचनबारे छलफल गरेको थियो । गएको ९ पुसमा प्रधानमन्त्री देउवालाई आयोगका पदाधिकारीहरुले भेटेका थिए । तर प्रधानमन्त्री देउवा भने आगामी वैशाखमा स्थानीय चुनाव नगराउने पक्षमा उभिएका छन् । बरु वैशाखमा चुनाव नहुँदा आइपर्ने समस्याबारे प्रधानमन्त्री देउवाले आफू निकट कानून व्यवसायीहरुसँग सुझाव लिएका थिए ।

सत्ता साझेदार दलहरु नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) का नेताहरुको जोडमा प्रधानमन्त्री देउवा स्थानीय चुनाव सार्ने निष्कर्षमा पुगेका छन् । सत्ता निकट कानून व्यावसायीहरुसँग माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपाका

– बाँकी पृष्ठ २ मा

# आधा संक्रमित उपत्यकामै

**मध्यान्ह संवाददता**
काठमाडौं, १२ माघ ।



कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण दिनहुँ दश हजार बढीमा संक्रमित पुष्टि हुने गरेको छ । मंगलबार पनि १२,००८ जनामा संक्रमण पुष्टि भएको छ । २५,९०९ जनामा परीक्षण गराउँदा झण्डै ५० प्रतिशत बढीमा संक्रमण पुष्टि भएको छ ।

राजधानी उपत्यकाको काठमाडौंमा संक्रमित संख्या अत्याधिक बढेको छ । कुल संक्रमित मध्ये काठमाडौं जिल्लामा मात्रै अझण्डै आधा संक्रमित छन् । स्वास्थ्य मन्त्रालयका अनुसार, काठमाडौंमा सक्रिय संक्रमित संख्या ४१ हजार नाघेको छ । मंगलबार थप ४,८७५ जनामा संक्रमण पुष्टि भएपछि संक्रमित संख्या ४१,६३३ पुगेको छ ।

जबकी देशभर सक्रिय संक्रमित संख्या ८८,९३४ छ ।

> कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनबाट संक्रमित हुने मध्ये झण्डै आधा संख्या राजधानी उपत्यकामा देखिएको छ ।

काठमाडौं पछि ललितपुरमा ९,६६८ जना संक्रमित उपचारत छन् भने भक्तपुरमा ५,५८१ संक्रमित छन् ।

पाँच सय बढी सक्रिय संक्रमित रहेको जिल्ला संख्या १५ पुगेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशमा मात्रै ६ जिल्लामा

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

संक्रमित : १२,००८
परीक्षण : २५,९०९
मृत्यु : ८
निको हुने : ३,०४०

## संस्थागत रूपमा जाने बढे पनि समग्रमा वैदेशिक रोजगारीमा जाने घटे

# कुन देशमा कति ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

मंसिर महिनाको तुलनामा पुस महिनामा वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारको संख्या केही घटेको छ । संस्थागतरूपमा जाने नयाँ कामदारको श्रम स्वीकृति भने मंसिर महिनाको तुलनामा पुसमा केही बढेको छ । वैदेशिक रोजगार विभागले तयार पारेको मासिक प्रतिवेदन अनुसार पुसमा ३३ हजार १ सय ९३ जनाको श्रम स्वीकृति भएको छ ।

मंसिरमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत ३१ हजार ३१ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए। कात्तिक महिनामा म्यानपावर कम्पनीमार्फत २७ हजार ७ सय ९ जना कामदारले वैदेशिक रोजगारीमा जानको लागि अन्तिम श्रम स्वीकृति लिएका थिए ।

पुसमा व्यक्तिगत प्रयासमा नयाँ १ हजार ७ सय २२ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । वैधानिक माध्यमबाट १ हजार ७८ जना, पुनः श्रम स्वीकृतिका माध्यमबाट ३० हजार ६ सय १२ जनाको श्रम स्वीकृति भएको छ । मंसिरमा पुनः श्रम स्वीकृतिको माध्यमबाट ३९ हजार ८ सय ७७ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए ।

समग्रमा पुस महिनामा ६६ हजार ६ सय २५ जनाको श्रम स्वीकृति भएको छ । मंसिरमा उक्त संख्या ६९ हजार ४ सय ४३ थियो । विभागको प्रगति विवरण अनुसार पुस महिनामा ८ सय ५४ मध्ये ६ सय ५७ म्यानपावर कम्पनीले कामदार पठाउन श्रम स्वीकृति लिएका छन् ।

पुस महिनामा सबैभन्दा बढी साउदी अरबमा १७ हजार ७ सय ५ जनाको श्रम स्वीकृति भएको छ। साउदी अरबपछि यूएई जानेको श्रम स्वीकृति भएको छ। यूएई जान ६ हजार ९१ जनाले श्रम स्वीकृति लिएका छन् । पुसमा कतार जान

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्याराडाइज इन्टरनेशनल पुनः शीर्ष स्थानमा

**काठमाडौं/मस–** पुस महिनामा ५ सय ३१ कामदारको श्रम स्वीकृति निकालेको ललितपुरको बखुण्डोलस्थित प्याराडाइज इन्टरनेशनल प्रा.लि पुल महिनामा धेरै कामदारको श्रम स्वीकृति निकाल्ने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । कात्तिक महिनामा पनि उक्त म्यानपावर कम्पनीले ८ सय ४६ पुरूष र ८३ महिला गरी ९ सय २९ जनाको अन्तिम श्रम स्वीकृति निकालेर सूचीको पहिलो स्थानमा रहेको थियो। मंसिरमा ६ सय १२ कामदारको श्रम स्वीकृति निकाल्दा उक्त कम्पनी सूचीको तेस्रो स्थानमा थियो ।

मंसिर महिनामा ७ सय ११ कामदारको श्रम स्वीकृति निकाल्दै धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीमा पहिलो स्थानमा रहेको अक्सफोर्ड इण्टरनेशनल प्रा.लि. पुसमा ४ सय २९ जनाको श्रम स्वीकृति निकाल्दै चौथो स्थानमा रहेको छ। ५ सय २ जनाको श्रम स्वीकृति निकालेको लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि. पुस महिनामा सूचीको दोस्रो स्थानमा, ४ सय ८५ जनाको श्रम स्वीकृति निकालेको फजल तेस्रो, ४ सय २९ जनाको श्रम स्वीकृति निकाल्दै एसओसएस

– बाँकी पृष्ठ २ मा


# कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: AL KARAM AL ARABI FOR CATERING SERVICES** **शहर: KUWAIT**
पूर्व स्वीकृत मितिः २०७८/१०/११ चलानी नं.: ६०१७३३५६ LT. No.: 256848

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 95 | 0 | स. काममा दक्ष | 90 | ३५,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १९ गते (2 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957

# भक्तपुरका २० भन्दा बढी औषधि पसलमा अनुगमन

**भक्तपुर/मस–**भक्तपुरमा मंगलबार एकै दिन १५ हजार पिस सिटामोल भित्रिएको छ । भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको नेतृत्वमा भक्तपुरका २० भन्दा बढी औषधि पसलमा अनुगमन गरिएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालयले ४० हजार सिटामोल चारवटै नगरपालिकाहरुका स्वास्थ्य कार्यालयमा केही दिनअगाडि वितरण गरेका जानकारी दिँदै उनले मंगलबार सबै पालिकासँग सिटामोलको रेकर्ड माग गर्दा कतै अभाव नभएको पाइएको बताइन् ।

सरकारले स्वास्थ्य संस्थामार्फत निःशुल्क वितरण गरेको सिटामोल आवश्यक परेमा आफ्नो नजिकका स्वास्थ्य संस्थामा गएर चिकित्सकको परामर्शअनुसार लिन सकिने उनले बताइन् । भक्तपुर अस्पताललगायत यहाँका अन्य अस्पतालमा पनि सिटामोल अभाव नभएको उनले दाबी छ ।



प्रजिअ शर्माले भनिन्, 'केही निजी फार्मेसीहरुले सिटामोलको अभाव देखाएका छन्, भक्तपुरमा हामीले पर्याप्त सिटामोल ल्याएका छौँ, अब अभाव छैन, सिटामोलको अभाव देखाउँदै बिक्री गरेको पाइएमा कारबाही गर्छौं ।' प्रशासनले बजारको सूक्ष्म अनुगमन गरिरहेको उल्लेख गर्दै उनले बजारमा सिटामोलको अभाव देखाएर सिटामोल लुकाउने वा महँगोमा बिक्री गरेको पाइएमा कारबाही गर्ने बताइन् ।

प्रजिअ शर्माको नेतृत्वमा भक्तपुरका २० वटा औषधि पसलको अनुगमन गर्दा गलत गर्ने दुईवटा फार्मेसीलाई औषधि व्यवस्था विभागमा हाजिर हुन पठाइएको थियो । भक्तपुरमा ज्वरोको बिरामी ह्वात्तै बढेपछि सिटामोलको माग बढेको थियो । भक्तपुरमा अहिले दैनिक ५०० भन्दा बढी ज्वरोका बिरामी विभिन्न अस्पतालमा परीक्षणका लागि जाने गरेका छन् ।

भक्तपुर अस्पतालमा मात्रै दैनिक २५० देखि ३०० सम्म बिरामीहरु ज्वरो आएकै कारण स्वास्थ्य परीक्षणका लागि आउने गरेको भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.समित्रा गौतमले जानकारी दिइन् ।

# मार्तडीमा प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन जडान

**बाजुरा/मस–**जिल्ला सदरमुकाम मार्तडीमा नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय प्रसारणको लाइन जोडिएको छ । नागरिक समाजले लगातार तीन दिनसम्म आन्दोलन गरी कार्यालयमा तालबन्दी गरेपछि सदरमुकाम मार्तडीलगायत क्षेत्रमा प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन जडान गरिएको हो ।



दैनिक छ देखि १० घण्टासम्म विद्युत् भार कटौतीको मार खेप्दै आएका सदरमुकामवासी उक्त लाइन जडान भएपछि खुसी भएका छन् । यही माघ ७ गतेदेखि जडान गरिएको लाइनबाट १० गते साँझदेखि नियमितरुपमा विद्युत् उपलब्ध गराउन सकिएको प्राधिकणका कार्यालय प्रमुख ललितकुमार मण्डलले बताए ।

विसं २०४६ मा स्थापना भएको बाजुरा साना जलविद्युत् केन्द्रले २०६६ सालदेखि विद्युत् उपलब्ध गराउन थालेपछि स्थानीय त्रिवेणी सहकारी संस्थाले २० वर्षका लागि सम्झौता गरेर विद्युत् उपलब्ध गराउँदै आएको थियो ।

दुई सय किलोवाट क्षमताको उत्पादित विद्युत्ले मार्तडीमा लोड धान्न नसकेपछि त्रिवेणीले दैनिकजसो विद्युत् भार कटौती गर्दै आएको थियो । सदरमुकाम मार्तडीलाई लक्ष गरेर सोमबारदेखि ११ हजार भोल्टेजको लाइन जडान उपलब्ध गराइएको हो ।

बाजुरामा सबस्टेशन नभएसम्म ११ हजार भोल्टेजको लाइनबाट सेवा विस्तार गरिने र सवस्टेशन निर्माण भइसकेपछि ३३ केभिएको लाइन दिनसकिने उनले जानकारी दिए ।

# पाँचपोखरी र मेलम्चीद्वारा सडक विभागको ध्यानाकर्षण

**सिन्धुपाल्चोक/मस–** मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकाले मेलम्ची भेगको सडक मर्मतका लागि सडक विभागको ध्यानाकर्षण गराएका छन् ।

आइतबार मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्याल, पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष टासी लामा, मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धितालगायतको टोलीले सडक विभागको ध्यानाकर्षण गराएको हो ।

गत असार १ गते गएको बाढीले मेलम्चीलगाएतका स्थान कटान गरेको, मेलम्ची-१३ फटकशिलास्थित रातो पहिरो, मेलम्ची पाँचपोखरी सडक र फड्केश्वर छापभञ्ज्याङ सडकको मर्मतसम्भार तथा सडकले गरिरहेको कामका बारेमा जानकारी लिइएको मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धितालले जानकारी दिए ।

सोही क्रममा सडक विभागका उपनिर्देशक प्रभातकुमार झाले तीन दिनभित्र लागत स्टिमेटसहित मेलम्ची खाल्डेखोला सडक र रातो पहिरोको रिपोर्ट सडक विभागलाई बुझाउन सडक डिभिजन कार्यालय चरिकोटलाई निर्देशन दिएको छ । त्यस्तै उनले फड्केश्वर-छापभञ्ज्याङ सडकमा रु १३ करोड विनियोजित रकम काठमाडौं डिभिजन र चरिकोट डिभिजनको भएकाले छिट्टै समन्वय गरेर निर्णय गर्नेसमेत जानकारी दिए ।

बैठकमा मेलम्ची नगरपालिकाका प्रमुख अर्यालले मेलम्ची क्षेत्रमा पाँचवटा पक्की पुल आवश्यक रहेको बताए ।

हिउँदमा अस्थायीरूपमा आवतजावत गरेको भए पनि बर्खा लागेपछि समस्या हुने अर्यालले सडक विभागलाई जानकारी गराएका थिए । सडक विभागले भने फास्टट्र्याकमार्फत बोलपत्र आह्वान गरी काम अगाडि बढाउने प्रतिबद्धता ब्यक्त गरेको धितालले जानकारी दिए ।

### दबाव...

नेता बाबुराम भट्टराई सहित प्रधानमन्त्री देउवाले वैशाखमा चुनाव नगर्दा आइपर्ने समस्याबारे छलफल गरेका थिए । कानून व्यवसायीहरुको सहयोगमा प्रधानमन्त्री देउवा भने स्थानीय तह सम्बन्धी ऐन संशोधनको तयारीमा जुटेका छन् ।

### आधा...

पाँच सय भन्दा बढी सक्रिय संक्रमित छन् । काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर र काभ्रेमा पाँच सय भन्दा बढी संक्रमित उपचारत छन् । प्रदेश-१ का मोरङ, सुनसरी र झापा, मधेश प्रदेशका धनुषा, गण्डक प्रदेशको कास्की र नवलपरासी पूर्व, सुदूरपश्चिम प्रदेशको कैलालीमा पाँच सय भन्दा बढी संक्रमित छन् ।

दुई सय सक्रिय संक्रमित नाघेका जिल्लाहरुमा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, गोर्खा, तनहुँ, स्याङ्जा, बाग्लुङ, दाङ, पाल्पा, सुर्खेत र कञ्चनपुरमा छन् ।

संक्रमणबाट मृत्यु हुने संख्या पनि बढेको छ । मंगलबार थप ८ जनाको संक्रमणबाट मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

### सतर्कतासहित...

सौहार्दपूर्ण वातावरणमा चुनाव गराई सकेसम्म बेलुकी नै नतिजा सावर्जनिक गरिने शर्मा बताउँछन् । "मतदान सकिएपछि सर्वदलीय बैठक हुन्छ र त्यसको केहीपछि राति अबेरसम्म लगाएर भएपनि नतिजा सावर्जनिक गर्छौं," प्रवक्ता शर्माले जानकारी दिए ।

आगामी फागुन २० गते नेकपा एमालेका ८, एकीकृत समाजवादीका ४, माओवादी केन्द्रका ४ र नेपाली कांग्रेसका ३ राष्ट्रियसभा सदस्यको पदावधि सकिदैछ । निर्वाचनका लागि मतदाताले आफ्नो परिचय खुल्ने सरकारी कागजात बोक्नुपर्ने आयोगले जानकारी दिएको छ । निर्वाचनमा प्रदेश सभा सदस्यको मतभार ४८ र स्थानीय तहका प्रमुखको मतभार १८ रहेको छ ।

राष्ट्रियसभा सदस्य चयन गर्न प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख/उपप्रमुखहरुले मतदान गर्नेछन् । सात प्रदेश गरी २०२५ मतदाता रहेको आयोगले जनाएको छ । आयोगका अनुसार, रातो रंगको मतपत्र स्थानीय तहका प्रमुख र उपप्रमुखले प्रयोग गर्नेछन् भने हरियो रंगको मतपत्र प्रदेश सभा सदस्यले मात्रै प्रयोग गर्नेछन् । प्रदेश १ मा तीन, मधेस प्रदेशमा दुई, बागमतीमा दुई, गण्डकीमा तीन, लुम्बिनीमा तीन, कर्णालीमा तीन र सुदूरपश्चिम प्रदेशमा तीन गरी जम्मा १९ पदका लागि निर्वाचन हुनेछ । चुनावका लागि आयोगले आठ मतदान स्थलमा १४ वटा मतदान केन्द्र तोकेको छ । जसमध्ये प्रदेश १ मा दुइवटा छ भने बाँकी प्रदेशहरुका एक/एक वटा मतदान स्थल रहेका छन् । जसमा प्रदेश १ को मा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष एवम् नगरपालिकाका प्रमुख तथा उपप्रमुखका लागि प्रदेश निर्वाचन कार्यालय विराटनगरमा मतदान स्थल तोकिएको छ । प्रदेश सभा सदस्यका लागि भने बाली संरक्षण प्रयोगशाला विराटनगर तोकिएको छ । मधेश प्रदेशका लागि महेन्द्रनारायण निधी भवनमा, बागमती प्रदेशका लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सभागृहमा, गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय पोखरामा मतदान हुने आयोगले जनाएको छ ।

लुम्बिनी प्रदेशको लागि दाङको घोराहीस्थित कर्मचारी मिलन केन्द्रमा, कर्णाली प्रदेशको लागि प्रदेश निर्वाचन कार्यालय सुर्खेतमा र सुदूरपश्चिम प्रदेशका लागि प्रदेशसभा भवन धनगढीमा मतदानस्थल तोकिएको छ ।

### संस्थागत ...

५ हजार ७ सय ८३ जनाले श्रम स्वीकृति लिएका छन् । मलेसियामा संस्थागतरूपमा एक जनाको पनि श्रम स्वीकृति भएको छैन । अघिल्लो महिनामा जस्तै रोमानिया जाने क्रम पुसमा पनि देखिएको छ । रोमानियाका लागि २ सय १४ जनाको श्रम स्वीकृति भएको छ । ओमानका लागि ३ सय ६२ जना, कुवेतका लागि १ हजार ८ सय ३ जना, माल्दिभ्सका लागि १ सय ६२ जना, जोर्डनका लागि ४४ जना, साइप्रसका लागि २ सय ४७ जना, अष्ट्रियाका लागि ८ सय ३७ जना र रसियाका लागि ३० जना जनाले संस्थागत अर्थात् म्यानपावर कम्पनी मार्फत श्रम स्वीकृति लिएका छन् ।

# वडासचिवमाथि भएको आक्रमणको निन्दा

**काठमाडौं/मस–**नेपाल निजामती कर्मचारी युनियनले बझाङकोचिरविथ्थड गाउँपालिका-८ का सचिव दत्तराम अवस्थीमाथि भएको आक्रमणप्रति ध्यानाकर्षण भएको जनाएको छ । युनियनका उपमहासचिव दुर्गाप्रसाद फुयाँलले आज एक विज्ञप्तिमार्फत वडासचिव अवस्थीलगायतलाई अवैधानिकरूपमा माग गरिएको चन्दा नदिएको र स्थानीय व्यक्तिगत रिसिइवीका कारण कार्यालयमै केही अवाञ्छित व्यक्तिहरुले सामूहिक सांघातिक आक्रमण गर्दै अमानवीय र अभद्र व्यवहार गरेको उल्लेख गरेका छन् । युनियनले राष्ट्रसेवक कर्मचारीलाई आस्था र अन्य वैयक्तिक कारण सामाजिकरूपमा गलत व्यवहार गर्नु दुःखद भएको उल्लेख गर्दै दोषीलाई कानूनी कारबाही गर्न सरकारसँग माग गरेको छ ।

# तीस विपन्न परिवारलाई घर

**भोजपुर/मस–** भोजपुरको आमचोक गाउँपालिकाले ३० विपन्न परिवारलाई घर निर्माण गरिदिएको छ । गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएका परिवार पहिचान गरी एक परिवारका लागि रु तीन लाख खर्च गरेर घर बनाइदिएको पालिका अध्यक्ष अशोक राईले जानकारी दिए ।

अति विपन्न परिवार खोजीगरी पहिचानको लागि समिति गठन गरेर काम गरिएको उनको भनाइ थियो । 'हामीले पुस्तौंदेखी पालमुनी तथा गाईगोठमा बसिरहेका अति विपन्न ३० परिवारको घर बनाइदिएका हौं', अध्यक्ष राईले भने, राज्यले गाँस, बाँस र कपासलाई नागरिकको मौलिक हकमा राखेको छ ।

### प्याराडाइज...

सर्भिसेज प्रा.लि पाँचौं स्थानमा रहेको छ । छैठौं स्थामा रहेको अञ्जली ओभरसिज प्रा.लि.ले ३ सय ३० दना, सातौं स्थानमा रहेको साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.ले ३ सय १३ जना, आठौं नम्बरमा रहेको भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.ले ३ सय ७ जना, नवौं नम्बरको अल सहिद ओभरसीज प्रा.लि.ले २ सय ९२ जना र दशौं नम्बरमा रहेको कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.ले २ सय ९२ जनाको श्रम स्वीकृति निकालेका छन् ।

त्यसैगरी एघारौं नम्बरमा रहेको लक्की एचआर सोलुसन प्रा.लि.ले २ सय ९१ जना, बाह्रौं नम्बरको अल हायातले २ सय ८५ जना, तेह्रौं नम्बरमा रहेको देवान कन्सल्ट्यान्ट प्रा.लि.ले २ सय ७८ जना, चौधौं नम्बरमा रहेको लिडिङ फरेन रिक्रुटमेन्ट प्रा.लि.ले २ सय ६९ जना, पन्ध्रौंमा रहेको एएस इन्टरनेशनल ग्रुप प्रा.लि.ले २ सय ६३, सोह्रौं नम्बरमा रहेको ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि.ले २ सय ४६, सत्रौं नम्बरको भिद्रिन्त सर्भिस प्रा.लि.ले २ सय ४२जना, अठारौं न्म्वरमा रहेको ग्राण्ड शिखर ओभरसिज प्रा.लि.ले २ सय ४० जना, उन्नाइसौं नम्बरको मुस्कान ओभरसिज प्रा.लि .ले २ सय ३९ जना र बिसौं स्थानमा रहेको अल फारूकी ओभरसिज प्रा.लि ले २ सय २५ जनाको श्रम स्वीकृति निकालेका छन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१२**

**छ्यानदोर्जे कन्स्ट्रक्सन प्रा. लि.** को मिति २०७८/०५/२५ मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **छ्यानदोर्जे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा. लि. नं.: १९०६१५)**, कायम गर्ने गरी मिति २०७८/०६/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१२**

**हानकुक सिड प्रा. लि.** को मिति २०७८/०९/२२ मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेको सिड प्रा. लि. (प्रा. लि. नं.: १९३५३३)**, कायम गर्ने गरी मिति २०७८/०९/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१२**

**स्मार्ट जि.के. ड्राइभिङ स्कुल एण्ड अटो सोलुसन प्रा. लि.** को मिति २०७८/०९/१५ मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साइमोन ग्लास ह्यान्डिक्राफ्ट प्रा. लि. (प्रा. लि. नं.: १८५९७५)**, कायम गर्ने गरी मिति २०७८/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगारको अवसर

कम्पनी: GARNET LIBRARY
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/१०/११ | चलानी नं.: ६०१७३३६८ | L.T. No.: 256767

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Store Keeper | 1 | 0 | | 1900 | ६२,०९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १९ गते (2 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 141/055/056

**AL NASEER OVERSEAS PVT. LTD.**

Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## साउदीमा रोजगार

१. कम्पनी: SHINING SHIELD FOUNDATION FOR CAR SERVICES
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/१०/११ | चलानी नं.: ६०१७३३७१ | L.T. No.: 256726

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Polishing Agent | 3 | 0 | स. काममा दक्ष | 1300 | ४१,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: RASHMIYAH TURKI SHAMDIN AL-KADIR FARM | शहर: AL JOUF

पुर्व स्वीकृत मितिः २०७८/१०/११ | चलानी नं.: ६०१७३३७० | L.T. No.: 256725

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १९ गते (2 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न. १ को रु. १०,०००/- २ को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FutureLink Connect to your future...
Gov. Lic. No. 839/066/067

**Future Link International Pvt. Ltd.**

P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## Miklajung Rural Municipality
## Office Of Rural Municipal Executive

Madhumalla, Morang
Province No. 1, Nepal

### Invitation for Bid

**Date of Publication: 12th Magh 2078 (26th January 2022)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Estimate amount without VAT and PS (NRs.) | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method |
|---|---|---|---|---|---|---|
| 1. | 12/MRMM/WORKS/NCB/078/79 (Chhidi Bhanjyang Dhurpa Khola Gau Baise Sadak Maintenance) | 21,35,783.19 | 53,400 | 3000.00 | 12:00 noon 25th February 2022 | NCB |
| 2. | 13/MRMM/WORKS/NCB/078/79 (Aitabare Barkhe Sadak Maintenance) | 34,01,544.76 | 85,100 | 3000.00 | 12:00 noon 25th February 2022 | NCB |
| 3. | 14/MRMM/WORKS/SQ/078/79 (Construction of Drain in Ward No.7)) | 11,97,066.81 | 30,000 | 1000.00 | 12:00 noon 10th February 2022 | Sealed Quotation |

2. Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of **Miklajung Rural Municipality, Office of Municipal Executive,** Madhumalla, Morang, during the office time.
3. Bidders shall download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp , as specified in the Bidding data sheet for provision of E-bidding. Bidders should deposit the equivalent fee for bidding document in the below Revenue account. Bids submitted in hardcopy shall not be accepted.

| Name of bank | Name of office | Account Name | Office revenue account number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-1-1 Aantarik Rajaswa Khata | 0610058213000013 |

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidders representatives who choose to attend on the date mentioned in above table at 14:00 hrs at the Office of Rural Municipal Executive, Miklajung Rural Municipality, Madhumalla Morang. Bids must be valid for a period of 90 days for NCB and 45 days for Sealed Quotation counting form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the e-GP system during the bid submission.

**Information to deposit the bid security amount**

| Name of bank | Name of office | Account Name | Deposit A/C number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-3 Sthaniya Taha Dharauti Khata | 0610058213000061 |

5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
6. Tender Procedure shall follow Public Procurement Act 2063 (1st Amendment) and Public Procurement Regulation 2064 (10th Amendment).
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**

# कृषि एम्बुलेन्स सहयोग



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), ११ माघ

दुर्गादेवी सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था रामपुर २ पाल्पालाई कृषि एम्बुलेन्स हस्तान्तरण गरिएको छ । रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजनामार्फत सहकारीलाई कृषि एम्बुलेन्स प्रदान गरिएको हो ।

हेफर इन्टरनेशनलको ५० प्रतिशत अनुदान, रामपुर नगरपालिकाको रु पाँच लाख, सहकारीको सात लाख २४ हजार ५५६ गरी २४ लाख ४९ हजार ५ सय ५६ रुपैयाँको लागतमा एम्बुलेन्स खरिद गरिएको हो ।

रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले नगरपालिकाले कृषि तथा पशुपालनमा आकर्षित गर्नका लागि नगरपालिकाले विभिन्न संघ संस्थाहरु संग समन्वय गरी कार्यक्रम सञ्चालन गरेको बताए । उनले कृषि एम्बुलेन्सको प्रयोगका लागि कृषिजन्य उत्पादन बढाउनु आवश्यक रहेको भन्दै नगरपालिकाले पनि बजारिकरणमा आवश्यक सहयोग गर्ने बताए । रामपुर नगरपालिका र हेफर इन्टरनेशनल नेपालको साझेदारी तथा पछौटेपन उन्मुलन समाज बेस नेपालको सहजिकरणमा सञ्चालित परियोजनाले कृषि तथा पशुजन्य उत्पादन अभिवृद्धि तथा बजारीकरणको लागि एम्बुलेन्स प्रदान गरेको हो । कृषि शाखा प्रमुख रामहरी पाण्डेयले रामपुरमा कृषिजन्य उत्पादन वृद्धि हुँदै गएकाले एम्बुलेन्सको सही सदुपयोग गरी आर्थिकस्तर उत्थानमा लाग्न आग्रह गरे ।

# अतिआवश्यक औषधि उपलब्ध गराउन आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले सिटामोल र पारासिटामोलजस्ता अतिआवश्यक औषधि सहजरुपमा उपलब्ध गराउन सरकारको नाममा आदेश जारी गरेको छ ।

न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले मंगलबार सरकारका नाममा उक्त आदेश जारी गरेको हो । आदेशमा हाल कोभिडको प्रकोप कायम रहेको अवस्थामा सोको उपचारका लागि आवश्यक पर्ने अति सामान्य र महत्वपूर्ण औषधि सिटामोल र पारासिटामोल देशभरिका अस्पताल तथा औषधि पसलहरूमा पर्याप्त मात्रामा सहज आपूर्ति हुन नसकेको उल्लेख छ ।

आदेशमा भनिएको छ,‘ नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यावहारिक प्रचलन गराउन वाञ्छनीय देखिएको हुँदा सबै तहका सरकारबीच समन्वय गरी हालको अवस्थामा स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने सिटामोल र पारासिटामोल लगायतका औषधिहरूको तत्काल सहज वितरणको विशेष प्रबन्ध मिलाउनू ।’


## KUWAIT मा रोजगार | कम्पनी : ALRAYA GROUP FOR GENERAL SERVICES
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६८८७६ L.T. No.: 252212 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 20 | 10 | सम्बन्धित काममा दक्ष | 85 | ३३,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 10 | 0 | | 150 | ५९,२११ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १९ गते (02 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०७३/०६८/६९
**ईभ नेपाल ओभरसिज प्रा.लि.**
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्सः ४६२२४३६



## Qatar मा बैदेशिक रोजगारको अवसर
कम्पनीः HILLPOINT, DOHA, QATAR

पूर्व स्वीकृती मिति २०७८।१०।१० चलानी नं.६०१७३३१९ LT.No. 256527

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 06 | - | स. काममा दक्ष | 1000 | ३२,८३५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | भीषा स्टयाम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | निशुल्क |

अन्तर्वार्ता २०७८ माघ १९ गते (2 Feburary 2022) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला ।

**Focus Nepal Overseas Pvt. Ltd**
Gov.Lic. No. 768/065/066
Sinamangal, Kathmandu, Ph.No.: 01-4579297, 4589028


# नवलपरासीमा कोरोनाबाट थप एक जनाको मृत्यु, ६१ जनामा कोरोना

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ११ माघ

नवलपरासीमा थप ६१ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । मंगलबार पीसीआर परीक्षणबाट ७ र एन्टिजिन परीक्षणबाट ५४ जना गरी ६१ जनामा कोरोना संक्रमणको पुष्टि भएको हो । जिल्लामा ओमिक्रोनको तेस्रो लहरबाट पहिलो पटक सुस्ता गाउँपालिकाका ६५ वर्षीय एक जना वृद्धको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

त्यस्तै रामग्राम नगरपालिकामा १४ जना सुनवल नगरपालिकामा ३ जना, बर्दघाट नगरपालिकामा ३३ जना, सरावल गाउँपालिकामा ४ जना पाल्हिनन्दनमा ५ जना सुस्ता गाउँपालिकामा १ जना र प्रतापपुर गाउँपालिकामा १ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ । जिल्लामा सक्रिय संक्रमितको संख्या ५ सय १२ पुगेको छ ।

# सम्पूर्ण विद्यार्थीहरुमा खोप सुनिश्चतता गर्न आग्रह




**काठमाडौं/मस–**सरकारले यही माघ १५ देखि २० गतेसम्म देशभरका विद्यालयहरुमा कोरोना खोप अभियान सञ्चालन गर्ने भएको छ । यसका लागि हाल बन्द रहेका सबै विद्यालयहरु खुला गरिने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मंगलबार सूचना जारी गरी माघ १५ देखि २० गतेसम्म विद्यालय खुला गरी सम्पूर्ण विद्यार्थीहरुलाई खोप लगाउने व्यवस्था गर्न देशभरका विद्यालयहरुलाई निर्देशन दिएको छ । मन्त्रालयले विद्यार्थीहरुको नाम अद्यावधिक गर्न र स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य संस्थामा सम्पर्क गरी विद्यार्थीहरुमा खोप सुनिश्चतता गर्न पनि आग्रह गरेको छ ।


# Madi Secondary School

Madi, Chitwan
Bagmati Province, Nepal

## Invitation for e-bid

**First Time of Publication: 26th Jan 2022 (2078/10/12)**

1. Madi Secondary School, Madi, and Chitwan, Nepal invites open competitive Bidding (electronics bids only) from eligible Nepalese bidders for the works as mentioned in the table below under National Competitive Bidding (NCB) procedures.
2. Bidders may download the bidding document for e-submission from PPMO's website: **http://www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified table below) of bidding document in the project Rajaswa (revenue) account and scanned copy (Pdf format) of the bond deposit voucher shall be uploaded by the bidder at time of electronic submission of the bid.
3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : **Agriculture Development Bank Limited / Madi Branch**
   **Name of Account** : **Madi Ma.Vi. Basantapur**
   **Bid Document Deposit Account no.** : **0508800910355017**
   **Bid security Deposit Account no.** : **0508800910355017**
4. The eligible Bidders shall submit its bid along with additional document: scan copy of company /firm registration certificate, VAT & PAN registration certificate. All Tax Clearance certificate of F/Y 2077/78 and all other documents mentioned in Bid Data sheet (BDS).
5. Pre-bid meeting shall be held on **11th Feb 2022 (2078/10/28) at 2:00 PM** at Madi Secondary School, Basantapur Chitwan.
6. The bids must be submitted through PPMO's website: **http://www.bolpatra.gov.np/egp**) on or before **12.00** Noon of **25th Feb 2022 (2078/11/13)**. Bids received after this deadline will be rejected.
7. Bids must be valid for a period as mentioned in table below after the bid opening and must be accompanied by a bid security issued by an authorized bank or Financial Institution (Commercial Bank or Financial Institution eligible to issue Bank guarantee as per prevailing Law) or Scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum as mentioned table below, which shall be valid for 30 days beyond the validity period of the bid.
8. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM** on (**31st day from First time of notice published**) at Madi Secondary School, Madi Chitwan. Non-attendance of any or all of the Bidders' representatives shall not hinder the opening of the bids. Bids must be valid for a period of as mentioned in table below after the date of bid opening.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Person, firm or company black listed as per public procurement Act-2063 with amendment, shall be ineligible to submit the bid and also proprietor of such firm or company shall ineligible to submit the bid from another new firm or Company.
11. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the **Madi Secondary School, Madi, Chitwan, Nepal** or may visit PPMO's website: **http://www.bolpatra.gov.np/egp**.
12. The name and identification of the contract are as follows:

| SN | Contract ID | Description of Works | Estimated Cost (With VAT, PS& Conti. NRs) | Bid Security Amount (NRs) | Documents Fee (NRs) | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/MSS/ 01/2078-79 | Construction of School Academy Building in ward no. 3 Basantapur | 19960967.49 | 500000.00 | 3,000.00 | 90 days | 120days |

**Principal**



## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



